नियम संख्याः १/२०८१/०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/०८

# सान्नी त्रिवेणी गाउँपालिका कार्यपालिकाको बिनियोजन ऐन. २०८१

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी.कालीकोट

कर्णाली प्रदेश,नेपाल

# स्थानीय तहको विनियोजन ऐन

**सान्नीत्रिबेणीगाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति:२०८१/०३/०८

**प्रस्तावना:** सान्नीत्रिवेणीगाउँपालिकाको आर्थिक बर्ष **२०८१/०८२** को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीयभएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिमसान्नीत्रिवेणीगाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनामर प्रारम्भ:** (१)यस ऐनको नाम"सान्नीत्रिवेणीगाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:** (१)आर्थिकवर्ष २०८१/०८२को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त**अनुसूची-१**माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकमरु.३८,७७,९३,३०९।-(**अक्षेरुपी रु अठतीस करोडसत्तर लाख त्रियानब्बे हजार तीन सयं नौ रुपैयाँ मात्र**)नवढाई निर्दिष्टगरिए वमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ। आ.व.२०८१/०८२को अल्या रकमअषाढमसान्तपछियकिनगरि र अन्यनिकायवाट रकमप्राप्तभएमा सभावाटअनुमोदनगरिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चितकोषवाटखर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८१/०८२ को निमित्त सान्नीत्रिवेणीगाउँपालिकोगाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकवाटनपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानवढ्ने गरी कुनै एक वा एक भन्दावढीशीर्षकहरुवाटअर्को एक वा एक भन्दावढीशीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमावाहेक

अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ विनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमावाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूंजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाटअर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२)माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशतभन्दावढ्ने गरी कुनै एक वा एक भन्दावढीशीर्षकहरुमा रकम सार्न परेमागाउँसभाको स्वीकृतिलिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा२ संग सम्वन्धित)

**नेपालको संविधानको धारा २२९(२) बमोजिम**

**आयतर्फ**

| क्र.सं | शीर्षक | रकम |
|---|---|---|
| १ | सशर्त अनुदान नेपाल सरकार | १५८९६८००० |
| २ | सशर्त अनुदान प्रदेश सरकार | ३२१८८००० |
| ३ | बित्तियसमानिकरण नेपाल सरकार | ८९१००००० |
| ४ | बित्तियसमानिकरण प्रदेश सरकार | ९९५३००० |
| ५ | राजश्व बाडफाँड संघीयसरकार | ७७५००००० |
| ६ | राजश्व बाडफाँड प्रदेशसरकार | ५८४३०९ |
| ७ | समपुरक अनुदान नेपालसरकार | १५०००००० |
| ८ | आन्तरिक श्रोत | ४५००००० |
| | **कुल जम्माआय** | ३८७७९३३०९ |

**व्यय तर्फ**

| क्र.सं | विवरण | चालु खर्च | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान नेपाल सरकार | १५६४६८००० | २५००००० | १५८९६८००० |
| २ | सशर्त अनुदान प्रदेश सरकार | ३२१८८००० | ० | ३२१८८००० |
| ३ | बित्तियसमानिकरण नेपाल सरकार | १७०५१९३८ | ७२०४८०६२ | ८९१००००० |
| ४ | बित्तियसमानिकरण प्रदेश सरकार | ९९५३००० | ० | ९९५३००० |
| ५ | राजश्व बाडफाँड संघीयसरकार | ७७५००००० | ० | ७७५००००० |
| ६ | राजश्व बाडफाँड प्रदेशसरकार | ५८४३०९ | ० | ५८४३०९ |
| ७ | समपुरक अनुदान नेपालसरकार | ० | १५०००००० | १५०००००० |
| ८ | आन्तरिक श्रोत | ४५००००० | ० | ४५००००० |
| | **कुल जम्माआय** | २९८२४५२४७ | ८९५४८०६२ | ३८७७९३३०९ |